
# भारतबाट आएका सबैको पिसिआर नेगेटिभ




■ हृदय भुसाल

अर्घाखाँची । नेपाल-भारत सीमा क्षेत्र नौतुनाको क्वारेन्टाइनमा २७ दिन बसी नेपाल आई स्थानीय तहले निर्माण गरेका क्वारेन्टाइनमा पुनः १६ दिन बसेका १ सय २७ जनाकै पिसिआर परीक्षण गर्दा रिपोर्ट नेगेटिभ आएको अर्घाखाँची अस्पतालका प्रमुख डाक्टर कपिल गौतमले जानकारी दिएका छन् ।

विभिन्न चरणमा जिल्लाका स्थानीयतहले निर्माण गरेका क्वारेन्टाइनमा रहेका व्यक्तिहरूको पटकपटक गरी पिसिआर १ सय २७ र आरडिटी २ सय १४ जनाको परीक्षण गर्दा यो समाचार तयार पार्दासम्म ३ सय ४१ जनाको रिपोर्ट नेगेटिभ आएको डाक्टर गौतमले बताए । डाक्टर गौतमका अनुसार जिल्लामा पिपिई र स्वास्थ्य सामग्रीको आवश्यक व्यवस्थापन गरेको र सय पिस जति पिपिई अझै स्टक नै राखेको बताए । गौतमले भने, 'प्रदेश-५ बढ्दो संक्रमणले अर्घाखाँची पनि थप जोखिममा छ, सबै सतर्क रहन र घरमै होम क्वारेन्टाइनमा बस्न जरुरी छ, आफू सचेत बनौँ र अरूलाई पनि सचेत बनाउँ, विपत्‌लाई सबै मिलेर सामना गर्नुपर्छ । सबैले सरकारको नियमलाई कडाइपूर्वक पालना गरौँ । समस्या भए जतिबेला पनि खबर गर्नुस्, हामी सेवाका लागि २४ घण्टा तयार छौँ ।'

रिपोर्ट नेगेटिभ आएपछि लामो समयदेखि क्वारेन्टाइनमा बसेकालाई घरमा पठाइएको स्रोतले जनाएको छ । उनीहरूको पिसिआर परीक्षणका लागि प्रादेशिक प्रयोगशाला बुटवल पठाइएको थियो । धेरै दिनपछि घर जान पाउँदा निकै खुसी लागेको मालारानी गाउँपालिका-५ वागी निवासी २५ वर्षीय सुरज जिसीले बताए । जिसीले भने, 'हामीहरूले सरकारको नियमलाई पूर्ण पालना गऱ्यौँ । सबैले अनुशासनपूर्वक नियम पालना गरे कोरोनालाई सहजै जित्न सकिन्छ । सबै सचेत बन्नुपर्छ, भारतदेखी नेपालको क्वारेन्टाइनमा बस्दा सहयोग गर्ने सबैलाई धन्यवाद ।'

# प्रदेश-५ मा ९२ जना संक्रमित

## विभिन्न अस्पतालमा उपचार हुँदै

■ विकाश पराजुली




बुटवल । प्रदेश-५ मा हाल ९३ जना कोरोना संक्रमित पुष्टि भइसकेको छ । जसमध्ये रूपन्देही कोटईमाई गाउँपालिकाका २५ वर्षीय युवा उपचारपछि घर फर्किएका छन् । बाँकी ९२ जनाको प्रदेशका विभिन्न अस्पतालमा उपचार भइरहेको छ ।

संक्रमितहरू अधिकांश लकडाउनको समयमा भारतीय सीमाबाट लुकिछिपी नेपाल प्रवेश गरेका थिए । हालसम्म जिल्लागत हेर्दा कपिलबस्तु जिल्लामा सबैभन्दा धेरै संक्रमित छन् । त्यहाँ ३९ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । ३९ जना मध्ये एक जना स्वास्थ्यकर्मी, चार जना सुरक्षाकर्मी र दुई जना कर्मचारीसमेत रहेका छन् ।

त्यस्तै रूपन्देहीमा २८, बाँकेमा २५, बर्दिया र नवलपरासीमा एक/एक संक्रमित रहेका छन् । संक्रमितका कारण अहिले प्रदेश-५ मा तयार भएका कोरोना विशेष अस्पताल मध्ये दाङको बेलझुण्डीबाहेक सबै अस्पतालका बेड भरिएका छन् । प्रदेश सरकारले बुटवलको धागो कारखाना, बाँकेको सुशील प्रखर क्यान्सर अस्पताल, दाङको बेलझुण्डीस्थित कोरोना विशेष अस्पताल र भैरहवास्थित भीम अस्पताललाई कोरोना विशेष अस्पतालको रूपमा विकास गरिएको छ ।

बुटवलको धागो कारखानामा रहेको कोरोना विशेष अस्पतालमा रूपन्देहीका ११ र कपिलबस्तुका २५ जना गरी ३६ जना रहेका छन् । पाँच बेडको आइसियुसमेत यो अस्पतालमा रहेको छ । भैरहवास्थित भीम अस्पतालमा १९ जनाको उपचार भइरहेको छ । ३० बेड रहेको भीम अस्पतालमा लुम्बिनी सांस्कृतिक नगरपालिकाका चार, गैडहवा गाउँपालिकाका १०, कपिलबस्तुका तीन जना र भीम अस्पतालमै कोरोनो पोजेटिभ देखिएका दुई जना गरी १९ जनाको उपचार भइरहेको छ । भीम अस्पतालमा कोरोना पोजेटिभ देखिएका एक जना भारतीय र एक जना कपिलबस्तुका हुन् । त्यस्तै बाँके नेपालगञ्जस्थित सुशील प्रखर क्यान्सर अस्पतालमा २६ जनाको उपचार भइरहेको छ । त्यहाँ बाँकेका २५ जना र बर्दियाको एक जनाको उपचार भइरहेको छ । त्यो बाहेक परासी अस्पतालमा एक र कपिलबस्तु जिल्ला अस्पतालमा एक जनाको उपचार भइरहेको स्वास्थ्य निर्देशनालयका प्रवक्ता रोशनलाल चौधरीले जानकारी दिए । संक्रमित भएका व्यक्तिमा संक्रमणको लक्षण भने छैन । उनीहरूको स्वास्थ्य अवस्था सामान्य रहेको बताइएको छ ।

अझै प्रदेश-५ मा कोरोना संक्रमितको संख्या बढ्ने आँकलन गरिएको छ । भारतीय सीमा क्षेत्रबाट लुकिछिपी नेपाल प्रवेश गर्नेहरू बढी रहेकाले संक्रमितको संख्या अझै बढ्ने आँकलन गरिएको हो । संक्रमितको संख्या बढ्दै जाने हो भने अहिले भइरहेका आइसोलेसन अस्पतालमा संक्रमितको उपचार गर्न बेड अभाव हुने निश्चित भएपछि बुटवलको कोरोना विशेष अस्पतालमा सय बेड थप गर्ने तयारीसमेत भइरहेको छ ।

प्रवक्ता चौधरीले तीन दिनअघि प्रदेश-५ का उद्योग पर्यटन वन तथा वातावरण मन्त्री लीला गिरीको संयोकत्वमा बसेको बैठकले बेड थप गर्ने निर्णय गरेको र त्यसको तयारी भइरहेको जानकारी दिए ।

हाल कोरोना विशेष अस्पतालमा पनि स्वीकृत बेड संख्यासमेत तयार हुन सकेका छैनन् । बुटवलमा सुरुआती चरणमा सय बेड भनिए पनि जम्मा ३६ बेड तयार भएका छन् । भीम अस्पतालमा ५० बेड स्वीकृत भए पनि आइसियुसहित ३५ बेड मात्र छन् । त्यस्तै सुशील प्रखर क्यान्सर अस्पतालमा ५० बेड स्वीकृत भएकोमा जम्मा २६ बेड तयार रहेको छ । बेलझुण्डीमा दुई आईसियुसहित ८८ बेड रहेका छन् ।

त्यसैगरी बर्दियाकी ११ वर्षीया बालिकालाई दाङको बेलझुण्डीमा तयार भएको कोरोना विशेष अस्पतालमा लैजाने तयारी भइरहँदा दाङको शान्तिनगर गाउँपालिकाले विज्ञप्ती निकाल्दै विरोध जनायो । त्यसपछि त्यी संक्रमित बालिकालाई सुशील प्रखर क्यान्सर अस्पतालमा लगिएको थियो । प्रदेश-५ का तराईका जिल्ला मध्ये दाङमा अहिलेसम्म संक्रमण नदेखिएकाले गाउँपालिकाले विज्ञप्ती निकाल्दै संक्रमितलाई दाङ ल्याउने दुष्प्रयास नगर्न चेतावनी दिएको थियो । तर, अहिले भने कपिलबस्तुका सुरक्षाकर्मी र कर्मचारीलाई बेलझुण्डी कोरोना विशेष अस्पतालमा लैजाने तयारी भइरहेको स्वास्थ्य निर्देशनालय प्रदेश-५ का प्रवक्ता रोशनलाल चौधरीले जानकारी दिए । यहाँका अस्पतालका सबै बेड भरिएकाले बेलझुण्डीमा पनि संक्रमित लैजानुको विकल्प नभएको भन्दै संक्रमित लैजान छलफल भइरहेको उनले जानकारी दिए ।

यसै क्रममा लुकिछिपी नेपाल प्रवेश गरेका कारण प्रदेश-५ मा क्वारेन्टाइनमा बस्नेहरूको संख्या पनि बढिरहेको छ । बुधबार राती आठ बजेको तथ्यांकअनुसार प्रदेश-५ मा ८ हजार २ सय १९ जना क्वारेन्टाइनमा रहेका छन् । स्वास्थ्य निर्देशनालय प्रदेश-५ का अनुसार सबैभन्दा बढी कपिलबस्तुमा ४ हजार १ सय २६ जना रहेका छन् । त्यो बाहेक बाँकेमा ७ सय ४८, बर्दियामा ४ सय ५१ जना, अर्घाखाँचीमा ३३, रूपन्देहीमा १ हजार २ सय ४, पाल्पा ४८, गुल्मी ४९, नवलपरासी ३ सय २५, दाङ ८१, रोल्पा २ सय ९, रुकुम पूर्व २७ र प्युठानमा ९ सय १८ जना क्वारेन्टाइनमा रहेका छन् ।

हालसम्म प्रदेशमा चार हजारभन्दा बढीको स्वाब परीक्षणका लागि नमुना ल्याइएको छ । स्वास्थ्य निर्देशनालका अनुसार बुधबार आठ बजेसम्म ४ हजार १ सय २० जनाको नमुना लिइएको हो ।

जसमध्ये ९३ जनाको रिपोर्ट पोजेटिभ, ३ हजार ३ सय ७८ जनाको रिपोर्ट नेगेटिभ आएको छ । बाँकी ६ सय ४९ जनाको रिपोर्ट आउन बाँकी छ । स्वाब परीक्षण राष्ट्रिय प्रयोगशाला काठमाडौं, प्रदेश प्रयोगशाला भैरहवा, भेरी अस्पताल, राप्ती हेल्थ साइन्स र गण्डकी प्रदेश प्रयोगशालामा भइरहेको छ । आरबिटी टेस्ट भने प्रदेश-५ मा ७ हजार ९ सय १५ जनाको गरिएको छ । त्यसमध्ये १५ जनामा आरबिटीमा पोजेटिभ देखिएको थियो ।

# खाद्य संस्थानमा चामल सकिँदै

■ कृष्णप्रसाद अधिकारी



दैलेख : जिल्लास्थित खाद्य संस्थानको डिपोमा अहिले चामल सकिन लागेको छ । ११ चैतबाट सरकारले लकडाउन गरेसँगै यस क्षेत्रका विपन्न तथा गरिब परिवारलाई सस्तो र गुणस्तरीय खाद्यान्न बिक्री गरेसँगै खाद्यान्न सकिन लागेको हो ।

लकडाउन पूर्व हप्तामा दुई दिन खुल्ने डिपो हाल दैनिक रूपमा खुल्ने गरेको छ । डिपोमा यस वर्षको कोटा अनुसारको चामल वैशाखमै सकिन लाग्दा जिल्लामा खाद्य अभाव हुने निश्चित प्रायः छ ।

स्थानीय बजारमा महँगो चामल किनेका जिल्लावासीले संस्थानबाट सस्तो र गुणस्तरीय चामल किन्न पाएपछि खाद्य संस्थानको गोदाममा चामलको कमी भएको हो । लकडाउनपूर्व १४ सय ५० क्विन्टल चामल मौज्दात रहेकोमा लकडाउनको समयमा मात्र १२ सय क्विन्टल चामल बिक्रि भएको छ । अब गोदाममा २ सय ५० क्विन्टल चामल मात्र मौज्दात रहेको खाध्य संस्थान दैलेखले जनाएको छ ।

गोदाममा बचेको २ सय ५० क्विन्टल चामल, आपतकालीन अवस्था र कारागारका लागि मौज्दात राख्नुपर्ने देखिएपछि चामलको कोटा थप गर्न दुईपटक सम्बन्धित स्थानमा दैलेख शाखाले परिपत्र गरिसकेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड दैलेख शाखाका प्रमुख रणबहादुर ऐरीले जानकारी दिए ।

कोरोना भाइरसको संक्रमणबाट जोगिन सरकारले लकडाउनको घोषणासँगै बजारका पसल बन्द भएको र बजारभन्दा खाद्य संस्थानमा सस्तो र राम्रो चामल पाइएपछि खरिद गर्नेहरूको संख्या बढेको यहाँका स्थानीयले बताएका छन् । एकातिर लकडाउन थपिँदै जाने अर्कोतिर खाद्य संस्थानमा सम्बन्धित स्थानबाट माग भएको खाद्यान्न नआउने हो भने जनताले भोकमरी खेप्न बाध्य हुनेछन् । यो वर्ष २ हजार ३ सय क्विन्टल मध्ये जम्मा २ सय ५० क्विन्टल मात्र गोदाममा मौज्दात रहेकोले जन मागअनुसार असार मसान्तसम्मका लागि र भैपरी आउने अवस्थाको लागि १ हजार ५ सय क्विन्टल खाद्यान्न माग भएको छ ।

जिल्लाका विभिन्न दुर्गम स्थानीयतह मध्ये नौमूले ६ सय क्विन्टल, आठबीसमा ३ सय ६० क्विन्टल र भगवतीमाईमा ६० क्विन्टल, नारायण नगरपालिका-१ मा १० क्विन्टल पठाएको थियो । अब राहत वितरणका लागि दैलेखका ११ वटै स्थानीयतहबाट चर्को माग उठन थालेको छ ।


पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आमचौरा, बैतडी
सुदुरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र तथा प्रस्ताव स्वीकृतिको आशयको सूचना**

प्रकाशित मिति : २०७७।०२।०२

यस पञ्चेश्वर गाँउपालिकाको मिति २०७६।१२।०१ मा प्रकाशित प्रस्ताव पेश गर्ने तथा मिति २०७६।१२।२४ मा प्रकाशित बोलपत्रको सूचना अनुसार निम्न निर्माण तथा परामर्श सेवा खरीद कार्यको लागी बोलपत्रतथा प्रस्ताव आव्हान भई तोकिएको म्याद भित्र दर्ता हुन आएका बोलपत्र तथा प्रस्ताव मध्ये तपशिल बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही भएको देखिएकाले सार्बजनिक खरीद ऐन २०६३ को दफा २७ को उप दफा २ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र तथा प्रस्ताव दाताहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| ठेक्का/प्रस्ताव नं. | बोलपत्रको विवरण | छनौट भएका बोलपत्र दाताको नाम | कबोल रकम रू (भ्याट र PS सहित) |
|---|---|---|---|
| WB-03/2076/077 | Construction of Ward Office Building, Ward-2 | Shahi Nirman Sewa | 97,29,280.35 |
| WB-04/2076/077 | Construction of Ward Office Building, Ward-5 | Mahadev Construction | 84,78,529.97 |
| RC-05/2076/077 | Kulau- Paladi- Dharmaghat Road Construction | Shahi Nirman Sewa | 23,24,317.55 |
| RC-06/2076/077 | Mada to Bagrethi Road Construction | Sukra Kamali Nirman Sewa | 48,42,930.09 |
| RC-07/2076/077 | Gwallek Road Construction | Mahadev Construction | 28,37,776.04 |
| प्रस्ताव | सामुदायिक भूमि व्यवस्थापन तथा कृषि प्रवर्द्धन कार्यक्रम | राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल | 49,91,600.00 |

प्रमुख प्रशासकीय अधिकृत



NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.
एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि.

**Quarterly Financial Statement**

**At the quarter ended Chaitra, 2076**

(Rs. in '000)

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | Total Capital & Liabilities (1.1 to 1.7) | 8,161,830 | 6,905,588 | 5,087,327 |
| 1.1 | Paid-up Capital | 1,004,500 | 1,004,500 | 490,000 |
| 1.2 | Reserves and Surplus | 227,509 | 218,857 | 72,867 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 5,606,005 | 4,715,168 | 3,939,593 |
| 1.5 | Deposits (a+b) | 1,013,883 | 794,945 | 452,550 |
| 1.6 | Income Tax Liabilities | 52,622 | 47,691 | 220 |
| 1.7 | Other Liabilities | 257,311 | 124,427 | 132,098 |
| 2 | Total Assets (2.1 to 2.7) | 8,161,830 | 6,905,588 | 5,087,327 |
| 2.1 | Cash & Bank Balance | 182,248 | 58,699 | 679,860 |
| 2.2 | Money at call and short Notice | 203,395 | 657,359 | - |
| 2.3 | Investments | 298,304 | 698,304 | 150,000 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | 7,228,274 | 5,348,084 | 4,178,413 |
| 2.5 | Fixed Assets | 43,485 | 28,994 | 28,817 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 206,124 | 114,148 | 50,238 |
| 3 | Profit and Loss Account | | | |
| 3.1 | Interest income | 627,304 | 423,968 | 354,678 |
| 3.2 | Interest Expense | 356,172 | 203,479 | 137,747 |
| A | **Net Interest Income (3.1-3.2)** | **271,132** | **220,489** | **216,931** |
| 3.3 | Fees Commission and Discount | 82,428 | 35,564 | 80,026 |
| 3.4 | Other Operating Income | - | - | - |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| B | **Total Operating Income (A+3.3+3.4+3.5)** | **353,560** | **256,053** | **296,957** |
| 3.6 | Staff Expenses | 57,734 | 33,395 | 29,761 |
| 3.7 | Other Operating Expenses | 62,790 | 36,574 | 104,572 |
| C | **Operating profit Before Provision (B-3.6-3.7)** | **233,036** | **186,084** | **162,624** |
| 3.8 | Provision for Possible Loss | 38,140 | 11,218 | 39,344 |
| D | **Operating profit (C-3.8)** | **154,855** | **162,651** | **123,280** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | - | - | - |
| E | **Profit From Regular Activities (D+3.9+3.10)** | **194,895** | **174,866** | **123,280** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| F | **Profit Before Bonus and Taxes (E+3.11)** | **194,895** | **174,866** | **123,280** |
| 3.12 | Provision For Staff Bonus | 19,490 | 15,897 | 11,207 |
| 3.13 | Provision For Tax | 52,622 | 47,691 | 33,622 |
| G | Net Profit/Loss (F-3.12 -3.13) | 122,784 | 111,278 | 78,451 |
| 4 | Ratios | | | |
| 4.1 | Capital Fund to RWA | 16.17% | 20.04% | 13.45% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 0.32% | 0.52% | - |
| 4.3 | Total Loan Loss Provision to total NPL | 164.00% | 18.30% | - |
| 4.4 | Cost of Funds | 10.30% | 9.17% | 10.28% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 712.93% | 672.76% | 923.30% |

Loans and investment are presented on gross basis, loss provisions are included on other liabilities.
Figures have been regrouped/rearranged wherever necessary.
Above figures are subject to change upon otherwise instructions of Statutory Auditors and/or Regulatory authorities.